# राष्ट्रिय मानव अधिकार आयोग
## National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


राष्ट्रिय मानव अधिकार आयोग नेपाल

# प्रेस विज्ञप्ति

२०७६ असोज १४

## अभिव्यक्ति स्वतन्त्रता एवं स्वतन्त्रतापूर्वक आवत् जावत् गर्न पाउने अधिकारको सम्मान गर्न आग्रह

गाउँपालिकाको भवन शिलान्यासका लागि तनहुँ जिल्लाको रिसिङ्ग जाने क्रममा नेपाली काँग्रेसका केन्द्रीय सदस्य तथा प्रतिनिधि सभा सदस्य डा. मिनेन्द्र रिजाललाई तनहुँमा २०७६ साल असोज १२ गते गरिएको अवरोध एवं नेपालका लागि नेपाली अभियानका अभियानकर्ता ज्ञानेन्द्र शाहीमाथि २०७६ साल असोज ११ गते चितवनमा भएको आक्रमणप्रति राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

मानव अधिकारको विश्वव्यापी घोषणा पत्र, १९४८ को धारा १९ र २०, नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको धारा १९ र २१ एवं नेपालको संविधानको धारा १७ द्वारा नागरिकलाई देशका कुनै पनि भागमा गई बिनाहातहतियार सभा सम्मेलन गर्ने, मर्यादित ढङ्गले विचार राख्ने र शान्तिपूर्ण गतिविधि गर्ने स्वतन्त्रताको प्रत्याभूति गरिएको छ । तनहुँ तथा चितवनका यी घटनाहरूबाट व्यक्तिको अभिव्यक्ति स्वतन्त्रता एवं बिनाअवरोध भयरहित वातावरणमा आवत् जावत् गर्न पाउने अधिकारको उल्लंघन भएको आयोगको ठम्याई छ । यस प्रकारका घटना दोहोरिन नदिने दृढता सरकारबाट आउन नसकेकोमा आयोग चिन्ता प्रकट गर्दछ । यी घटनाका दोषी पत्ता लगाई कानूनबमोजिम सजाय दिलाउन सरकारले देखाएको उदासीनताले मुलुकमा सुशासन र मानव अधिकारप्रति सरकारले गरेको प्रतिबद्धतामा प्रश्न उठेको छ । निर्वाध आवत् जावत् र विचार अभिव्यक्तिको स्वतन्त्रता जस्ता मानव अधिकारका आधारभूत प्रश्नमा सरकार गम्भीर नहुनु मुलुकको लागि हितकर हुन नसक्ने आयोगको निचोड रहेको छ ।

अत: कुनै पनि बहानामा यस किसिमको स्वतन्त्रताको अपहरण नगर्न तथा सभा सम्मेलन गर्ने र आफ्नो विचार राख्ने अभिव्यक्ति स्वतन्त्रताको वातावरण सिर्जना गर्न आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, प्रभावकारी र निष्पक्ष छानवीनमार्फत घटनाका दोषीहरु पहिचान गरी कानून बमोजिम कारवाही गर्न तथा ज्ञानेन्द्र शाहीको सम्पूर्ण उपचार खर्चको व्यवस्था गर्न समेत आयोग नेपाल सरकारलाई आग्रह गर्दछ ।

साथै, आफ्ना सभा, सम्मेलन तथा गतिविधि गर्दा कुनै पनि व्यक्तिको मर्यादामा आँच आउने गरी अभिव्यक्ति नदिन र कुनै व्यक्ति वा निकायले कानून विपरीत कार्य गरे कानूनी बाटो अवलम्बन गर्न आयोग सम्वन्धित पक्षलाई समेत आग्रह गर्दछ ।

६।१४

वेद भट्टराई
सचिव/प्रवक्ता


फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org